पाठ १३

१	**प्रार्थना**

समूहको अगुवा - प्रार्थना गर्नुहोस् र तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

२	**आराधना** (२० मिनेट) **[परमेश्वरको विशेषताहरू]** **परमेश्वर एक मात्र परमेश्वर र एक मात्र मुक्तिदाता हुनुहुन्छ**

परिभाषा :

सिकाउनुहोस् - 'आराधना' भनेको के हो ? 'आराधना'को परिभाषा यस्तो छ:

आराधना भनेको परमेश्वरप्रतिको श्रद्धा, भक्ति, विनम्रता र समर्पणताको मनोवृत्ति हो। विभिन्न प्रकारका प्रार्थनाहरू र हरेक दिन हामीले जिउने तरिकाद्वारा परमेश्वरप्रतिको हाम्रो आराधना प्रकट हुन्छ।

परमेश्वरको आराधना गर्नको निम्ति उहाँ को हुनुहुन्छ भनी हामीले जान्नु आवश्यक छ। आराधना गर्ने हरेक समयमा हामीले परमेश्वरको एउटा विशेषता सिक्छौँ।

मनन गर्नुहोस् - 'बाइबलको परमेश्वर एक मात्र परमेश्वर र एक मात्र मुक्तिदाता हुनुहुन्छ' भन्नेबारेको शिक्षा पढ्नुहोस् अथवा सिकाउनुहोस्।

तलका प्रत्येक बाइबल खण्ड पढेर व्याख्या गर्नुहोस् अनि समूहको प्रत्येक सदस्यलाई आराधनाको निम्ति एउटा बाइबल खण्ड तोकिदिनुहोस्।

(१) प्रस्थान २०:२-३ : - परमेश्वरले हरेक मानिसलाई परमप्रभुबाहेक अरू कुनै देवी-देवता मान्न मनाही गर्नुहुन्छ। परमप्रभु बाइबलमा आफैलाई प्रकट गर्नुहुने परमेश्वर हुनुहुन्छ। मानिसलाई पाप र दासत्वको घरबाट मुक्ति दिने उहाँ नै हुनुहुन्छ।

(२) यशैया ९:६-७ : - परमेश्वरले येशू ख्रीष्टमा मानव स्वभाव धारण गर्नुहुन्छ (२ कोरिन्थी १:३ सँग तुलना गर्नुहोस्)। 'येशू ख्रीष्टको परमेश्वर र पिता' भनेको 'येशू ख्रीष्टमा प्रकट हुनुभएको परमेश्वर र पिता' हुनुहुन्छ। तुलना गर्नुहोस् : परमेश्वर दृश्यरूपमा आगोको ज्वाला र परमप्रभुको दूतको रूपमा प्रकट हुनुहुन्छ (प्रस्थान ३:२; १९:१८)।

(३) यशैया ४०:१८ : - परमप्रभु अतुलनीय हुनुहुन्छ! अरू धर्महरूको देवी-देवताहरूलाई परमप्रभुसँग तुलना गर्न सकिँदैन!

(४) यशैया ४२:८ : - परमप्रभुले आफ्नो महिमा (उहाँको ईश्वरीय विशेषताहरू र उपस्थिति) अरू धर्महरूको कुनै देवी-देवताहरूसँग बाँड्नु हुन्न।

(५) यशैया ४३:१०ख-११ : - बाइबलमा प्रकट हुनुभएको परमप्रभु परमेश्वर एक मात्र जीवित परमेश्वर हुनुहुन्छ। परमप्रभुबाहेक संसारमा अरू कुनै मुक्तिदाता छैन।

(६) यशैया ४४:६-८ : - परमप्रभु नै सुरुदेखि अन्त्यसम्म सधैँ अस्तित्वमा रहनुहुने परमेश्वर हुनुहुन्छ। उहाँदेखि बाहेक कुनै अरू 'देवता'को अस्तित्व छैन। यद्यपि धेरै दुष्ट आत्माहरूले आफू 'ईश्वर' हुँ भनी दाबी गरे तापनि, विगतमा के प्रकट गरियो र **भविष्यमा के प्रकट हुनेछ भनी तिनीहरूले बताउन सक्दैनन्।**

(७) यशैया ४५:१८-२१क : - परमप्रभु एक मात्र परमेश्वर हुनुहुन्छ र अरू कुनै परमेश्वर छैन। परमप्रभुले गुप्तमा बोल्नुभएको छैन। १५०० वर्षभन्दा लामो समयसम्म परमप्रभुले उही सन्देश ४० भन्दा बढी अगमवक्ताहरू र प्रेरितहरूसँग बोल्नुभयो! वास्तवमा भविष्यमा हुन आउने घटनाहरू धरै पहिले नै उहाँ एक्लैले घोषणा गर्नुहुन्छ।

(८) यशैया ४५:२१ख-२३ : - परमप्रभुबाहेक अरू कुनै जीवित परमेश्वर छैन। तसर्थ, संसारको अरू सबै धर्महरूको देवी-देवताहरू साँचा होइनन्! परमप्रभुबाहेक कुनै धार्मिक र बचाउने परमेश्वर छैन। तसर्थ, अरू धर्मका देवी-देवताहरू धार्मिक र मुक्तिदाता होइनन्। त्यसकारण, बचाइनको लागि संसारको सबै मानिसहरू परमप्रभुतिर फर्किनै पर्छ।

अन्तमा, मानव इतिहासमा भएका हरेक मानिसले चाहेर होस् अथवा नचाहेर होस् परमप्रभुको सामु घुँडा टेक्नेछ। अनि हरेक जिब्रोले आफ्नो दोष स्वीकार गरी अपसोस गर्दै येशू ख्रीष्टमा प्रकट हुनुभएको परमेश्वर नै एक मात्र साँचो परमेश्वर हुनुहुन्छ भनी स्वीकार गर्नेछ (फिलिप्पी २:९-११)।

आराधना गर्नुहोस् - समूहको प्रत्येक सदस्यलाई आफ्नो बाइबल पद प्रयोग गर्दै परमेश्वरको आराधना गर्न लगाउनुहोस्। उहाँ एक मात्र परमेश्वर अनि मुक्तिदाता हुनुहुन्छ भनी पालैपालो आराधना गर्नुहोस्। उहाँ तपाईंको परमेश्वर र मुक्तिदाता हुनु भएकोमा परमेश्वरको आराधना गर्नुहोस्। ठूलो समूहमा अथवा तीन-तीन जनाको सानो समूहमा परमेश्वरको आराधना गर्नुहोस्।

३	**सिकेको कुरा बाँड्नुहोस्** (२० मिनेट)	**शान्त समय** **यूहन्ना १५:१-१८:२७**

तपाईंलाई तोकिदिएको बाइबल खण्ड (यूहन्ना १५:१-१८:२७) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा तपाईंले सिक्नुभएको कुराहरूमध्ये एउटा कुरा पालैपालो छोटकारीमा बाँड्नुहोस् (अथवा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा लेखेको तपाईंको नोटबुकबाट एउटा कुरा पढ्नुहोस्)।
बोल्ने व्यक्तिको कुरा ध्यानसित सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

४	**शिक्षा** (७० मिनेट)	**फल फलाउनु** **सुसमाचार र तपाईंको गवाही बाँड्नु**

यो शिक्षामा तपाईंले पहिले सुसमाचारको सन्देशलाई बुझ्न सिक्नुहुनेछ र त्यसपछि त्यसलाई अर्को व्यक्तिलाई कसरी बताउने भनी सिक्नु हुनेछ। त्यसको साथै आफ्नो व्यक्तिगत मुक्तिको गवाही अर्को व्यक्तिलाई कसरी बताउने भन्ने कुरा पनि तपाईंले सिक्नु हुनेछ।

क. सुसमाचारको सन्देश

सुसमाचार अथवा शुभ खबर भनेको परमेश्वरको योजना र मानिसको समस्या अनि परमेश्वरले मानिसको समस्या कसरी समाधान गर्नुहुन्छ भन्नेबारेको सन्देश हो। मानिसको समस्याको निम्ति परमेश्वरको समाधान येशू ख्रीष्ट हुनुहुन्छ। बचाइनको निम्ति परमेश्वरको लागि आवश्यक प्रतिक्रिया भनेको येशू ख्रीष्टमा विश्वास गर्नु हो।

१. जीवनको पुल दृष्टान्त (The Bridge of life Illustration)

शिक्षा र तालिम दिनुहोस् - जीवनको पुल भन्ने दृष्टान्त बुझ्न र त्यसलाई कण्ठ गर्न विद्यार्थीहरूलाई सहायता गर्नुहोस्। त्यसपछि उनीहरूले अरूहरूलाई सुसमाचारको सन्देश बाँड्ने क्रममा उक्त दृष्टान्तलाई प्रयोग गर्ने तालिम दिनुहोस्।

तल दिइएका बाइबल खण्डहरू एक-एक जना गरी पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - (१) परमेश्वरबारेको सत्यता, (२) मानिसबारेको सत्यता, (३) ख्रीष्टबारेको सत्यता, (४) मुक्तिबारेको सत्यता, र (५) इसाईको नयाँ जीवनबारेको सत्यता

(१) परमेश्वरको योजना

१. **रोमी १:१९-२०** परमेश्वर आफै प्रकट हुनुभयो। तपाईंले परमेश्वरलाई जान्न सक्नुहुन्छ।

२. **१ यूहन्ना १:५-६** परमेश्वर ज्योति हुनुहुन्छ। यदि तपाईं परमेश्वरलाई जान्न चाहनुहुन्छ भने ज्योतिमा आउनुहोस्।

३. **१ यूहन्ना ४:८** परमेश्वर प्रेम हुनुहुन्छ। यदि तपाईं परमेश्वरलाई अनुभव गर्न चाहनुहुन्छ भने, परमेश्वरको प्रेम ग्रहण गर्नुहोस् र अरू मानिसहरूलाई प्रेम गर्नुहोस्।

४. **उत्पत्ति १:२७** दुष्टको गुण होइन तर परमेश्वरको गुणहरू प्राप्त गरोस् भनेर उहाँले तपाईंलाई सृष्टि गर्नुभयो।

५. **यशैया ४३:७** आफ्नो लागि होइन, परमेश्वरको लागि जिओस् भनेर उहाँले तपाईंलाई सृष्टि गर्नुभयो।

पाप

मानिस | ख्रीष्ट परमेश्वरकहाँ जाने पुल हुनुहुन्छ | **परमेश्वर**

(२) मानिसको समस्या (अवस्था)

६. यशैया ५९:१-२
पापले तपाईंलाई परमेश्वरबाट अलग गर्छ।
७. रोमी १:१८,२८-३२
पाप भनेको भक्तिहीनता र दुष्टता हो।
८. रोमी ६:२३
पापको परिणाम मृत्यु हो।
९. हिब्रू ९:२७
मृत्युपछि न्याय हुन्छ।
१०.रोमी ३:२३
सबैले पाप गरेका छन् र तिनीहरू परमेश्वरको धार्मिक मापदण्डसम्म पुग्नबाट चुकेका छन्।

(४) बचाइनको लागि परेमश्वरलाई आवश्यक प्रतिक्रिया विश्वास हो

१६. यूहन्ना ५:२४
जसले सुनेर विश्वास गर्छ ...
- उसँग अनन्त जीवन हुन्छ!
- ऊ दोषी ठहरिने छैन!
- ऊ मृत्युबाट जीवनमा सरेको हुन्छ!

१७. यूहन्ना १:१०-१३
जसले ख्रीष्टलाई ग्रहण गर्छ, ऊ नयाँ जन्म पाएर परमेश्वरको सन्तान हुन्छ।
१८. रोमी १०:९-१३
तपाईंको हृदयले विश्वास गर्नुहोस् र प्रार्थनाद्वारा तपाईंको मुखले स्वीकार गर्नुहोस्।

(३) मानिसको समस्याको लागि परमेश्वरको समाधान ख्रीष्ट हुनुहुन्छ।

११. रोमी ५:८
परमेश्वरको प्रेम ख्रीष्टको मृत्युद्वारा तपाईंमा प्रकट भएको छ (तपाईंको पापको पश्चाताप गर्नको निम्ति)
१२.१ पत्रुस २:२४
तपाईंको पाप उठाइलैजान ख्रीष्ट मर्नुभयो (तपाईंलाई धर्मी ठह¯याउन)
१३.१ पत्रुस ३:१८क
तपाईंलाई परमेश्वरकहाँ लैजान ख्रीष्ट मर्नुभयो (तपाईंलाई परमेश्वरसँग पुनर्मिलाप गर्नको निम्ति)
१४. रोमी ६:४-५
अब तपाईंलाई नयाँ जीवन दिन (तपाईंको पवित्रकरण गर्न) र मृत्युपछि तपाईंलाई पुनरुत्थान गराउन (तपाईंलाई सदा-सर्वदा महिमित पार्न) ख्रीष्ट पुनरुत्थान हुनुभएको थियो
१५. एफिसी २:८-९
तपाईंका असल कार्यहरूले तपाईंलाई बचाउन सक्दैन!

प्रार्थना :

प्यारो प्रभु येशू ख्रीष्ट,
- म पापी हु र हराएको थिएँ भनी स्वीकार गर्छु
- मेरो पापको मूल्य चुकाउन तपाईं मर्नुभयो अनि मलाई अनन्त जीवन दिन तपाईं पुनरुत्थान हुनुभयो भनी म हृदयदेखि विश्वास गर्छु।
- अब म तपाईंको नाउँ पुकार्छु र मेरो हृदय र जीवनमा तपाईंलाई बोलाउँछु।
- अबदेखि तपाईं मेरो मुक्तिदाता र मेरो प्रभु हुनुहुन्छ भनी म मेरो मुखले स्वीकार गर्छु।

येशूको नाउँमा, आमिन!

(५) नतिजा : इसाईको नयाँ जीवन

१९. यूहन्ना १०:२७-२८ अबदेखि उसो तपाईंले परमेश्वरको आवाज सुन्नुहुन्छ र ख्रीष्टलाई पछ्याउनुहुन्छ।
२०. यूहन्ना १०:७-१० ख्रीष्टले तपाईंलाई प्रशस्तताको जीवन दिनुहुनेछ।

२.कठिन शब्दहरूको अर्थ

तपाईंको पापको निम्ति प्रायश्चित गर्नु भनेको तपाईंको पापको विरुद्धमा भएको परमेश्वरको धार्मिक रिसलाई हटाउनु हो। ख्रीष्टको मृत्यु त्यही प्रायश्चितको बलिदान हो, र उक्त बलिदानले तपाईंको पापको विरुद्धमा भएको परमेश्वरको क्रोधलाई फर्काइदिन्छ (रोमी ३:२५)।

तपाईंलाई धर्मी ठहऱ्याउनु भनेको वैधानिक (कानुनी) कुरा हो, र यसको अर्थ तपाईंलाई परमेश्वरको नजरमा धर्मी ठहऱ्याउनु हो। ख्रीष्टले क्रूसमा तपाईंको अधार्मिकता आफूमाथि बोक्नुहुन्छ अनि उहाँले आफ्नो धार्मिकता तपाईंलाई दिनुहुन्छ (२ कोरिन्थी ५:२१)। अब तपाईं धार्मिक व्यक्ति हुनुभएकोले गर्दा तपाईंले क्षमा पाउनुभएको छ र परमेश्वरसँगको सही सम्बन्धमा खडा हुनुभएको छ। यो कुरा तपाईंले विश्वास गर्नुभएको घडीमा नै हुँदछ। उक्त घडीदेखि परमेश्वरले तपाईंलाई पूर्णरूपमा धर्मी व्यक्ति ठानी सोहीअनुरूप व्यवहार गर्नुहुन्छ।

तपाईंलाई परमेश्वरसँग पुनर्मिलाप गराउनु भनेको तपाईं र तपाईंको अघिको जीवनशैलीको विरुद्धमा भएको परमेश्वरको सत्रुतालाई परिवर्तन गर्नु हो (भजनसङ्ग्रह ५:४-५; ११:५)। तपाईंले विश्वास गर्नुभएको घडीदेखि नै परमेश्वरले तपाईंसँग मिलाप गर्नुभएको छ, र अब तपाईंले आफ्नो समझ र हृदयमा उहाँको शान्ति अनुभव गर्न सक्नुहुन्छ (रोमी ५:१,९-१०; फिलिप्पी ४:७)।

तपाईंलाई शुद्धिकरण गर्नु भनेको तपाईंलाई येशू ख्रीष्टको समानतामा अझ बढी रूपान्तर गर्दैलैजानु हो (२ कोरिन्थी ३:१८)। यो कुरा यस पृथ्वीमा तपाईंको इसाई जीवनको सम्पूर्ण अवधिभरि भइरहने प्रक्रिया हो।

तपाईंलाई महिमित पार्नु भनेको तपाईंलाई येशू ख्रीष्टजस्तै बनाउन रूपान्तरण गर्नु हो (१ यूहन्ना ३:२)। यसले तपाईंको वर्तमान शरीरलाई समेट्छ, जुन पछि ख्रीष्टको महिमित शरीरजस्तै हुनेछ (फिलिप्पी ३:२१)। यो कुरा ख्रीष्टको दोस्रो आगमनमा हुनेछ।

३. सुसमाचारको सन्देशको संक्षिप्त वर्णन

तपाईंले समूहको सदस्यहरूलाई निर्देशिका पुस्तक १, पाठ ३ मा उल्लेख गरिएको जस्तै किसिमको सुसमाचारको सन्देश बाँड्न पनि सिकाउन सक्नुहुन्छ।

ख. सुसमाचारको सन्देश बाँड्नुहोस्


१. व्यवहारिक सुझावहरू

'सुसमाचार' भनेको शुभ खबर हो...

- परमेश्वरको प्रेम, अनुग्रह र राजत्वको बारेमा
- ख्रीष्टको मृत्यु, पुनरुत्थान र सिंहासनमा विराजमान हुने बारेमा
- विश्वास गर्नेहरूको क्षमादान, मुक्ति र विजयको बारेमा

सुसमाचारको सन्देशलाई पाँच वटा चरणहरूमा बाँड्नुहोस्।

तपाईंले सुसमाचारको सन्देशलाई प्रचार गर्नुहुँदा, बताउनुहुँदा अथवा व्याख्या गर्नुहुँदा, तपाईंले यी पाँच वटा चरणहरूलाई प्रयोग गर्न सक्नुहुन्छ।



सुसमाचार सुन्ने व्यक्तिलाई सत्यता पत्ता लगाउन सहायता गर्नुहोस्।

- सुसमाचारलाई व्याख्या गर्ने बाइबलका पदहरू सुसमाचार सुन्ने अइसाई व्यक्तिलाई नै पढ्न लगाउनुहोस्।
- बाइबलबाट उसको निम्ति सत्यताहरू पत्ता लगाउन तलका प्रश्नहरू सोधेर उसलाई उत्साह दिनुहोस्:
  - "बाइबलको यस पदले परमेश्वरको बारेमा के भन्दछ?"
  - "पापको परिणामहरू के-के हुन्?"
  - "किन येशू ख्रीष्ट मर्नु पऱ्यो?"
  - "येशूको भनाइअनुसार मुक्ति पाउन तपाईंले के गर्नु पर्छ?"
  - "इसाईको जिम्मेवारीहरू र सुअवसरहरू के-के हुन्?"
- सत्यता पत्ता लगाउने क्रममा छलफल गर्दैगर्दा जीवनको पुलको दृष्टान्तको चित्र बनाउनुहोस्।
- माथिको दृष्टान्तमा देखाइएको जस्तै गरी आवश्यक बाइबल पदहरूर मुख्य शब्दहरू लेख्नुहोस्।
- अन्तमा, उसले सुसमाचार सम्झिरहोस् भन्ने हेतुले यो दृष्टान्त लेखिएको कागज उसैलाई दिनुहोस्।

उक्त व्यक्तिलाई ख्रीष्टलाई ग्रहण गर्न निमन्त्रणा दिनुहोस्

तपाईंले कागजमा जीवनको पुलको दृष्टान्त कोरिसक्नु भएपछि, उक्त व्यक्तिलाई ख्रीष्ट उसको मुक्तिदाता हुनुहुन्छ बनी ग्रहण गर्न निमन्त्रणा दिनुहोस् अथवा उसको हृदय जीवन राजा येशू ख्रीष्टलाई सम्पन लगाउनुहोस्। यदि ऊ त्यसो गर्न चाहन्छ भने, प्रार्थनामा डोऱ्याउनुहोस्।

परमेश्वरको आत्माप्रति सम्वेदनशील हुनुहोस्

सुसमाचार प्रचार गर्दैगर्दा मनमनै प्रार्थना गर्नुहोस्। आफू परमेश्वरको दास मात्र हुँ भन्ने कुरा याद गर्नुहोस्। केवल परमेश्वरले मात्र उसलाई नयाँ जीवन दिन उसको हृदयमा काम गर्न सक्नुहुन्छ। त्यसकारण, परमेश्वरले उसको हृदय र जीवनमा के गर्न लाग्नुभएको छ, त्यसप्रति सम्वेदनशील हुनुहोस्।

२. सुसमाचार बाँड्ने विधिलाई अभ्यास गर्नुहोस्

- समूहका सदस्यहरूलाई दुई-दुई जना गरी राखेर सुसमाचार सन्देशको छोटो विधि (१२ पदहरू) एक-आपसमा बाँड्न लगाउनुहोस्। निर्देशिका पुस्तक १, पाठ ३ हेर्नुहोस्।
- समूहका सदस्यहरूलाई दुई-दुई जना गरी राखेर जीवनको पुलको दृष्टान्त (२० पदहरू) भएको सुसमाचार सुनाउने विधि एक-आपसमा बाँड्न लगाउनुहोस्।
- समूहका सदस्यहरूलाई दुई-दुई जना गरी राखेर यूहन्ना १०:७-१८ अथवा एफिसी २:१-१० लाई प्रयोग गर्दै एकले अर्कोलाई सुसमाचारको सन्देश बाँड्न लगाउनुहोस्।

ग. तपाईंको मुक्तिको गवाही बाँड्नुहोस्

कुनै पनि व्यक्ति 'इसाई' भएर जन्मिएको हुँदैन। "इसाई हुनको निम्ति मानिसले नयाँ जन्म पाउनै पर्छ" (यूहन्ना ३:३-८)। तर यो कसरी अनि कहिले हुन्छ भन्ने कुरा हरेक व्यक्तिको फरक-फरक कहानी हुन्छ। तपाईं कसरी इसाई हुनुभयो भन्ने वयान नै तपाईंको व्यक्तिगत मुक्तिको गवाही हो।

१. पावलको मुक्तिको गवाही

पावलले कसरी आफ्नो मुक्तिको गवाही बाँड्छन्?

प्रेरित २६:१-२९ पढ्नुहोस्।
पावलले आफ्नो मुक्तिको गवाहीलाई चार भागमा विभाजन गर्छन्:

- परिचय (प्रेरित २६:१-३)
- जीवन परिवर्तन हुनुभन्दा अगाडिको समय (प्रेरित २६:४-११)
- जीवन परिवर्तन भएको घटना (प्रेरित २६:१२-१८)
- जीवन परिवर्तन भएपछिको समय (प्रेरित २६:१९-२३)

(१) परिचय (प्रेरित २६:१-३)

- पावललाई येशू ख्रीष्टमा भएको आफ्नो विश्वासको बारेमा बताउने मौका दिइँदा, तिनले आफ्नो मुक्तिको गवाही बाँड्दछन्।
- पहिले तिनी आफ्नो श्रोताहरूसँग मित्रतापूर्ण सम्बन्ध स्थापित गर्छन् (२-३ पद)।

(२) जीवन परिवर्तन हुनुभन्दा अगाडीको समय (प्रेरित २६:४-११)

- आफ्नो कुरा सुन्नेहरूले तिनी को हुन् भनी चिन्न सकोस् भन्ने हेतुले पावलले आफ्नो पृष्ठभूमिको बारेमा बताउँछन् (४-५ पद)।
- पावलले आफ्नो अगाडिको जीवनका केही सकारात्मक तत्वहरूलाई समेट्छन्; जस्तै: तिनको असल शिक्षा, धार्मिक जोश र तिनको हृदयमा भएका साँचो अभिप्रायहरू आदि।
- त्यपछि पावलले आफ्नो अगाडिको जीवनका केही नकारात्मक तत्वहरूलाई पनि समेट्छन्; जस्तै: इसाईहरूलाई गरेको सतावट अनि इसाई मण्डलीको विरुद्धमा तिनले गरेका हिंसात्मक क्रियाकलापहरू।
- श्रोताहरूले ठम्याउन र बुझ्न सक्ने गरी ती कुराहरूको बारेमा पावलले बताउँछन्। पावलले त्यहाँ गुञ्जन (प्रतिध्वनि) सृजना गर्छन्। (फरिसीहरू पुनरुत्थानमा चासो राख्दथे अनि राजाले चाहिँ यहूदीहरूको रीतिरिवाज र विवादास्पद कुराहरूमा चासो राख्दथे)। आफूसँग भएको जस्तै प्रश्नहरू भएका श्रोताहरूलाई आफूले कसरी उत्तरहरू पत्ता लगाए भन्ने कुराप्रति रुचि जगाउन त्यहाँ पावल कोसिस गर्छन्।

(३) जीवन परिवर्तन भएको घटना (प्रेरित २६:१२-१८)

- पावलले "म यस्तो विचार गर्छु" अथवा "म यस्तो महसुस गर्छु" भनी भन्दैनन् तर आफ्नो जीवन परिवर्तन भएको घटनालाई स्पष्टसँग व्याख्या गर्छन्।
- तिनले परमेश्वरको खोजी गरेका होइनन् तर स्वयम् परमेश्वरले तिनलाई खोजेर भेट्टाउनुभएको हो भन्ने तथ्यलाई पावलले स्पष्टसँग व्याख्या गर्दछन्! तिनले आफूलाई सफा पारिसकेपछि होइन तर तिनी पापको फोहरी अवस्थामा हुँदा नै ख्रीष्ट आफूकहाँ प्रकट हुनुभएको हो भन्ने तथ्यलाई पनि तिनले स्पष्टसँग वर्णन गर्दछन्।
- येशूले आफूसँग बोल्नुभएको शब्दहरूलाई पावलले उस्तैरूपमा रद्धृत गर्दछन्। त्यसैगरी तिनले आफ्नो मुक्तिको गवाहीमा सुसमाचारको विभिन्न तत्वहरूलाई समेट्छन्; जस्तै: मुक्ति पाउन मानिसहरू अन्धकारबाट ज्योतिमा फर्किनै पर्छ, शैतानबाट परमेश्वरतिर फर्किनै पर्छ अनि मानिसहरूले येशू ख्रीष्टमा विश्वास गर्नैपर्छ र त्यसपछि विश्वासीहरूले आफ्नो पापको क्षमा पाएर परमेश्वरका मानिसहरूसँग बस्न पाउँछन् (१८ पद)। यदि तिनको कुरा सुन्नेहरूले चाहे भने तत्कालै येशू ख्रीष्टमा विश्वास गर्न यस्ता कुराले सहायता गर्छ।

(४) जीवन परिवर्तन भएपछिको समय (प्रेरित २६:१९-२३)

- पावलले आफ्नो जीवनमा भएको प्रमुख परिवर्तनलाई व्याख्या गर्दछन्; जस्तै: इसाई मण्डलीलाई सताउने मानिस मण्डलीकै प्रचारकमा परिवर्तन भएको तथ्य। तिनको अवधारणा यो हो, कि जीवन परिवर्तन हुनुभन्दा पहिलेका केही कुराहरू जीवन परिवर्तनपछि बदलिएको छ।
- आफूले अझै कठिन परिस्थितिहरू सामना गरिरहनुपरेको कुरा पावलले स्वीकार्छन्। तर परमेश्वरले त्यस्ता कठिन परिस्थितिहरूमा सहायता गर्नुहुन्छ भनेर पनि तिनले बताउँछन्।
- आफ्नो अधिकार बाइबल हो भनेर पावलले बताउँछन् (२२ पद)।
- पावलले आफ्नो मुक्तिको गवाहीमा सुसमाचारको अरू तत्वहरूलाई पनि समेट्छन्; जस्तै: येशू ख्रीष्ट मरेर पुनरुत्थान हुनुभयो; शुभ खबर यहूदी र अन्यजाति दुबै खालका मानिसहरूको लागि हो; हरेक व्यक्ति पश्चाताप गरेर परिवर्तन भई परमेश्वरतिर फर्किनु पर्छ; र त्यसपछि हरेक व्यक्तिले आज्ञाकारी इसाई जीवन जिउनु पर्छ ताकि तिनीहरूका ती कामहरूले तिनीहरूका साँचो पश्चातापलाई प्रमाणित गर्न सकोस् (२३, २० पद)।

२. पावलले आफ्नो मुक्तिको गवाही दिँदा भएको छलफल

- पावल अरूप्रति आदरपूर्ण रहन्छन् (प्रेरित २६:२४-२५)

मानिसहरूले पावलको आलोचना र बदनाम गरिरहँदा पनि तिनले निरन्तर तिनीहरूप्रति आदर देखाइरहन्छन्।

- पावलले आफ्ना श्रोताहरूलाई सम्झाइ-बुझाइ गर्ने कोसिस गर्छन् (प्रेरित २६:२६-२७)

पावलले श्रोताहरूलाई जबरजस्ती अथवा डर-धम्कीमा होइन तर तिनीहरूलाई येशू ख्रीष्टको अनुयायी हुनको निम्ति नम्रतापूर्वक सम्झाइ-बुझाइ गर्ने कोसिस गर्छन्।

- पावलले आफ्ना श्रोताहरूलाई चेताउनी दिन्छन् (प्रेरित २६:२८-२९)

येशू ख्रीष्टको अनुयायी हुनको निम्ति तिनले आफ्ना श्रोताहरूलाई चेताउनी दिन्छन्।

३. तिमोथीको मुक्तिको सम्भावित गवाही

१ तिमोथी १:२; २ तिमोथी १:५; ३:१०-१५ पढ्नुहोस्।

सिकाउनुहोस् - तिमोथीजस्तै गरी केही इसाईहरू कलिलो उमेरमा नै विश्वासी बनेका हुन्छन्। तिनीहरूले कसरी येशू ख्रीष्टमा विश्वास गरेका थिए भनेर सम्झन पनि सक्दैनन्। तर आफू येशू ख्रीष्टको अनुयायी हुँ भन्ने कुराचाहिँ तिनीहरू जान्दछन्। त्यस्ता तिमोथीहरूले आफ्नो मुक्तिको गवाही यसरी दिनुपर्छ।

- आफ्नो पृष्ठभूमि बाँड्ने

आफ्नो इसाई बाजे-बजै, बाबु-आमा, मण्डली अथवा शिक्षकहरूको बारेमा बताउनुहोस्।

- येशू ख्रीष्टको बारेमा बाँड्ने

येशू ख्रीष्टले लामो समयदेखि तपाईंको जीवनमा के अर्थ राख्नुभएको छ अनि कसरी उहाँले तपाईंको वर्तमान जीवन परिवर्तन गर्नुहुँदैछ भन्ने कुरा बाँड्नुहोस्।

- तपाईंले अहिले बुझ्ने सुसमाचारको मुख्य तत्वहरू बाँड्ने

यस क्रममा धर्मशास्त्रको केही खण्डहरूलाई समावेश गर्नुहोस्।

४. तपाईंको मुक्तिको गवाही बाँड्ने अभ्यास गर्नुहोस्

- **गवाही बाँड्नको निम्ति यो ढाँचा रोज्नुहोस्**

पावलको गवाहीको ढाँचा	तिमोथीको गवाहीको ढाँचा
• विश्वासी हुनुभन्दा अगाडिको तपाईंको जीवन व्याख्या गर्नुहोस्। • तपाईंले कसरी ख्रीष्टमा विश्वास गर्नुभयो भनी बताउनुहोस् (येशू ख्रीष्टले कसरी तपाईंको जीवन परिवर्तन गर्नुभयो)। • सुसमाचारको सन्देश बाँड्नुहोस् (बाइबलबाट व्याख्या गर्नुहोस्)।	• आफू विश्वासीको सन्तान भएकोले आफ्नो पारिवारिक पृष्ठभूमि व्याख्या गर्नुहोस्। • ख्रीष्टसँगको वर्तमान तपाईंको सम्बन्धले के अर्थ राख्छ, सो बाँड्नुहोस्। • येशू ख्रीष्टले कसरी तपाईंको जीवन परिवर्तन गर्नुभयो भनी व्याख्या गर्नुहोस्। • सुसमाचारको सन्देश बाँड्नुहोस् (बाइबलबाट)

- **तपाईंको गवाही लेखेर बताउनुहोस्**
  - यी दुईमध्ये कुनै एक ढाँचामा तपाईंले आफ्नो मुक्तिको गवाही कागजमा लेख्नुहोस्।
  - उक्त गवाही आफ्नो समूहको अगुवालाई पढेर सुनाउनुहोस् र त्यसबारेमा केही सकारात्मक सुझावहरू माग्नुहोस्।
  - आफ्नो मुक्तिको गवाही कण्ठ गर्नुहोस्।
  - आफ्नो मुक्तिको गवाही सानो समूहमा अथवा घरेलु सङ्गतिमा बाँड्नुहोस्।

५	**प्रार्थना** (८ मिनेट)	**प्रतिक्रियाहरू** **परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउने प्रार्थना**

- समूहमा बसेर आज तपाईंले के सिक्नुभयो त्यसको निम्ति परमेश्वरप्रति प्रतिक्रिया जनाउँदै पालैपालो छोटकरीमा प्रार्थना गर्नुहोस्। अथवा, दुई-तीन जनाको समूहमा विभाजन भएर आज सिक्नुभएको कुराप्रति परमेश्वरलाई प्रतिक्रिया जनाउँदै प्रार्थना गर्नुहोस्।

६	**गृहकार्यको तयारी** (२ मिनेट)	**अर्को पाठको निम्ति**

- (**समूहको अगुवा -** समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेखेको कागज दिनुहोस् अथवा उनीहरूलाई यो लेख्न लगाउनुहोस्।)
- **१. प्रतिवद्धता -** समूहको सदस्यहरूलाई एउटा सम्भावित कुरा जीवनमा लागू गर्न प्रतिवद्ध गराउनुहोस्।
- **२. परमेश्वरसँग व्यक्तिगत समय -** यूहन्ना १८:२८-२१:२५ बाट प्रत्येक दिन एक अध्याय पढेर परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मन पर्ने सत्यता पत्ता लगाउने विधि प्रयोग गर्नुहोस्। टिप्पणी बनाउनुहोस्।
- **३. बाइबल अध्ययन -** अर्को बाइबल अध्ययनको निम्ति घरमा तयारी गर्नुहोस्। बाइबल खण्ड- १ कोरिन्थी १३:१-१३, विषय: "इसाई प्रेमको विशेषताहरू के-के हुन्?" बाइबल अध्ययनको पाँच चरणहरू भएको विधि प्रयोग गर्नुहोस। टिप्पणीहरू बनाउनुहोस्।
- **४. प्रार्थना -** कुनै व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।
- **५. चेलाहरू बनाउने तपाईंको नोटबुक अद्यावधिक बनाउनुहोस्-** यसमा आराधनाको टिप्पणी, शिक्षाको टिप्पणी र यो तयारीको भाग समावेश गर्नुहोस्।